**Voice : A Biannual & Bilingual Journal**
*2024 December, Vol : 16, No. 2, pp.179-186*
DOI : https://doi.org/10.3126/voice.v16i2.72789

# ‘ओथेलो’ नाटकमा जातीय द्वन्द्व

महेन्द्र वाग्ले [१]

**Article Information : Received :** September 20, 2024 **Revised :** November 15, 2024 **Accepted :** December 11, 2024

**सारसङ्क्षेप**

विलियम शेक्सपियरले सत्रौँ शताब्दीका विषयलाई आफ्ना नाटकमा समेटेका छन् । जातीय द्वन्द्वको विषय त्यस समयको निकै महत्वपूर्ण विषय थियो । यस समयमा काला र सेता जातिका सम्बन्धमा निकै विषयमा मतभेद थिए । शेक्सपियरले उपनिवेशवादमा जातीय विषय नाटकमा समावेश गर्थे र जातीय विभेदलाई पनि नाटकको केन्द्रमा राख्थे । यसबाहेक शेक्सपियरले एलिजावेथकालीन समयमा देखिने व्यक्तिका मानसिक प्रभावहरूलाई पनि प्रभावकारी रूपमा प्रस्तुत गर्थे । तसर्थ उनको ओथलो नाटकमा पनि जातीय विषयले महत्व पाएको छ । उनले ओथलो नाटकमा जातीय विषयलाई नाटकीकृत गरी जातीय द्वन्द्व प्रस्तुत गरेका छन् । जातीय विषय वर्तमानमा सांस्कृतिक अध्ययनको विषय पनि हो र त्यसमा द्वन्द्वको विषय मार्क्सवादबाट प्रेरित सिद्धान्त हो । त्यसैले यसमा जातीय द्वन्द्वको सैद्धान्तिक आधारमा नाटकको विश्लेषण गरिएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालयको प्रयोग गरिएको छ र छनौट गरिएको सामग्रीको अध्ययनबाट नाटकको विश्लेषण गरिएको छ । यसमा व्याख्या र विश्लेषणका आधारमा निष्कर्षमा पुगिने भएकाले लेख गुणात्मक प्रकृतिको रहेको छ । शेक्सपियरको ‘ओथेलो’ नाटकमा वर्तमानको जातीय द्वन्द्वको मुद्दासँग पनि सम्बन्धित बनाएर मूल्याङ्कन गर्न सकिने देखिन्छ । त्यसैले यो लेखले ‘ओथेलो’ नाटकमा प्रयुक्त जातीय द्वन्द्वको विषयको आधारभूत विचारको समस्यालाई विश्लेषण गरी उक्त नाटकमा जातीय द्वन्द्व रहेको नष्कर्ष प्रस्तुत गर्दछ ।

**शब्दकुञ्जी :** जाति, काला, विभेद, चारित्रिक दुर्बलता, दुःखान्त

[१]उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस, पाटनढोका
इमेल : sajalwagle@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

विलियम शेक्सपियर (सन् १५६४-१६१६०) अङ्ग्रेजी साहित्यकार हुन् । उनी उच्चकोटीका प्रतिभा भएका र उनले लेखेका नाट्यकृतिका आधारमा उनलाई महान नाटककारका रूपमा लिइएको छ । उनको कल्पनाको प्रखर तालाई उनका रचनाहरूका माध्यमबाट आश्वाद गर्न सकिन्छ। उनका कृतिहरूको बारेमा केही विवाद रहे पनि उनको साहित्यिक रचनाहरूलाई नवीनता प्रदान गरे । उनले प्राचीन सुखान्त नाटकको परम्परालाई नयाँ मोड दिएर दुखान्त नाटकलाई महत्व दिए । उनका धेरै उत्कृष्ट नाटकहरू सन् १९९५ देखि १६०७ सम्मका छन् । उनका विश्वप्रसिद्ध दुःखान्त नाटक हैमलेट, 'ओथेलो', 'किँग लियर' र 'मैकवेथ' हुन् । उनीले नाटकका अतिरिक्त कवितामा पनि कलम चलाएका छन् तर उनको दुःखान्त नाटकमा चरित्रको माध्यमबाट दुःखान्तको तिब्र अनुभूति गराउन सक्ने विशेषता रहेको छ । उनले नाटकमा मानव जीवनका गम्भिर समस्याहरूलाई प्रस्तुत गर्छन् र प्रायः अभिजात वर्गका नायकहरूलाई चयन गरेर केही समय उनको सफलता र उन्नति भएको देखाइन्छ भने केही समयपश्चात् अधोगति वा विनाशको सिकार भएको प्रस्तुत गरिएको हुन्छ । यही विनासको कारण नायकको दुःख र मृत्युको कारण बन्छ । शेक्सपियरले यस्तो विषयमा चरित्रको दुर्बलता साथै प्रतिकूल नियति र परिस्थितिसँग जोडेर प्रस्तुत गर्छन् । शेक्सपियरले 'ओथेलो' नाटकमा पनि चरित्रको दुर्बलतालाई दुःखान्तको कारकका रूपमा लिएका छन् । उनले 'ओथेलो' नाटकमा दुःखान्तलाई द्वन्द्वसँग पनि जोडेका छन् । यस नाटकमा चरित्रका आन्तरिक र वाह्य द्वन्द्व मात्र नभएर जातीय द्वन्द्व पनि रहेको छ र यही कारणहरूले नायक विचलित पनि भएको छ ।

समाजमा द्वन्द्व विभन्न कारणले उत्पन्न हुन्छ । समाजमा प्रायः मानिसहरू द्वन्द्वबाट बच्ने प्रयत्न गर्छन् । समाजमा द्वन्द्व हुने र बढ्ने कारणहरूमा विविध तर्कहरू गरिएका छन् । कर्ल मार्क्सले द्वन्द्वले समाजमा विद्यमान सामाजिक संरचनाभित्र निरन्तर परिवर्तन गर्ने मात्र नभई समग्र सामाजिक प्रणालीलाई रूपान्तरण गर्ने बताउँछन् (स्तेपानोभा, २०७५, पृ.२४१) । द्वन्द्वले पारिवारिक, प्रसाशनिक र सांस्कृतिक क्षेत्रको सम्बन्धलाई असर परेको हुन्छ । सामाजिक परिवर्तनमा वर्गीय द्वन्द्वको भूमिकालाई जोड दिने मार्क्सले द्वन्द्व नै सामाजिक रूपमान्तरणको पक्षपोषक माने । वास्तवमा द्वन्द्व असमझदारी, लक्षको फरकपन, फरक नैतिक प्रश्नहरूमा विश्वास र विचारबाट निर्देशित हुन्छ । मानवीय जीवन द्वन्द्वबाट पर रहन सक्दैन । यसलाई जीवनको एक अङ्गको रूपमा स्वीकार्नुबाहेक अर्को विकल्प छैन । मानिसले द्वन्द्वलाई राम्ररी बुझ्न सक्नुपर्छ । यसलाई बुझ्न सकेका मात्र आत्मविश्वासको साथ यसको सामना गरी यसलाई सकारात्मक उर्जाको रूपमा ग्रहण गर्न सकिन्छ । वास्तवमा द्वन्द्वको प्रकृतिलाई बुझेर मात्र त्यसबाट उत्पन्न हुने परिस्थितिको समाना गर्न सकिन्छ । यो विषय नै यस लेखमा सम्बोधन गरिएका विषयहरू हुन् ।

### समस्याकथन र उद्देश्य

शेक्सपियरका नाटकहरूमा जातीयद्वन्द्वका विषयहरू रहेका छन् । उनको 'ओथेलो' नाटकमा जातीय द्वन्द्वको विषयलाई चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा रहेको ओथेलो पात्र जातीयता कै कारणले गर्दा त्रासदीमा पुगेको छ । त्यसैले यस नाटकमा रहेको जातीय द्वन्द्वको विषय केकस्तो रहको छ भन्ने अध्यनीय विषय भएकाले यो नै अध्ययनको मूल समस्या हो । यसमा द्वन्द्वको सैद्धान्तिक आधार खोज्दा वर्गीय द्वन्द्व हुँदै जातीय द्वन्द्वको सैद्धान्तलाई निरुपण गरिएको छ । व्याख्या विश्लेषणका माध्यमबाट लेखको निष्कर्ष निकालिने भएकाले यसमा गुणात्मक अध्ययन पद्धतिलाई चयन गरिएको छ । जातीय द्वन्द्व कसरी सिर्जना हुन्छ र त्यसको अवस्था केकस्तो रहेको छ भन्ने विषयलाई नाटकका साक्ष्यहरु र नाटकको घटनाबाट प्रस्ट पर्न सकिने देखिन्छ । त्यसैले नाटकमा जातीय द्वन्द्व कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको विश्लेषण गर्नुपर्ने भएकाले यस लेखको मूल उद्देश्य 'ओथेलो' नाटकमा पात्रका माध्यमबाट प्रस्तुत गरिएको जातीय द्वन्द्वलाई विश्लेषण गर्नु रहेको छ ।

**सैद्धान्तिक आधार**

द्वन्द्व मानव समाजविकासको अनिवार्य नियम हो । समाजमा द्वन्द्व फरकफरक वर्ग वा व्यक्तिहरूको विचार, वर्गीय पक्षधरता, वैयक्तिक स्वार्थ बाझिएका कारण निम्तन्छ । कार्ल मार्क्सका अनुसार द्वन्द्वको सम्बन्ध उन्पादक र उन्पादन सम्बन्धसँग हुन्छ। समाजको उत्पादकशक्ति र उत्पादनका स्रोतमाथिक नियन्त्रण राख्ने सम्पन्न वर्ग एवं स्रोत र शक्ति कम भएका विपन्न वर्गबीच उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित भौतिक अवस्था नै द्वन्द्व हो (उद्धृत, उप्रेती, २०६२, पृ. २७) । यो एक प्रकारको शक्ति र स्रोत माथिको अधिकारका लागि गरिने सङ्घर्षको विषय हो । जातीय द्वन्द्व पनि कुनै जातसँग सम्बन्धित भएर उनीहरूले आफ्नो पक्षधरतालाई महत्व दिएको विषयसँग सम्बन्धित भएको हुन्छ । जातीय द्वन्द्वको स्वरूप पनि वर्गगत सम्बन्धका आधारभूत संरचना र त्यसको सामाजिक सम्बन्धमा आधारित हुन्छ । आदिम साम्यवादी युगमा सामाजिक द्वन्द्व थिएन, त्यसैले जातीय द्वन्द्व पनि थिएन, दासयुगको प्ररम्भ भएपछि अनेक आर्थिक संरचना तयार हुँदै जाँदा वर्गीयद्वन्द्वसँगै जातीय द्वन्द्वको पनि जम्न भयो । जातीय द्वन्द्वमा वर्गीय आधार मुख्य बनेको देखिन्छ । उन्पादनका स्रोत र साधनमाथिको स्वमभित्व, उत्पादन, वितरण, विनियम र उपभोगको प्रक्रियामा देखिाएको आर्थिक सम्बन्धले वर्गीय साथै जातीय द्वन्द्वलाई पनि निम्त्यायो ।

समाजमा जातीय द्वन्द्वका आफ्नै मैलिक प्रकृति र निजी प्रवृत्ति हुन्छन् । तिनै मौलिकतामा जातीय स्वार्थअनुसार शोषण र दमन गरिएको हुन्छ । समाजमा विद्यमान् र आपसमा विपरीत स्वार्थ बोकेका वर्गहरूमध्ये शोषकले निम्न तथा सर्वहारा वर्ग तथा जातीलाई दबाउने तथा शोषण गर्छ भने शोषणमा परेको वर्ग वा जात त्यसका विरुद्धमा आफ्ना आवाजहरू उठाने प्रयत्न गर्छ । त्यही प्रयत्नको स्वरूपले द्वन्द्वको अवस्थालाई निर्धारण पनि गर्छ । मार्क्सएङ्गेल्सकै समकालीन हर्जनले वर्ग द्वन्द्वको आधारमा साहित्य मूल्यको निरूपण गर्नुपर्ने बनाएका छन् (त्रिपाठी, २०५८, पृ. १६१) । द्वन्द्व आन्तिरिक र वाह्य हुन्छन् । इच्छाइएका वस्तुहरूको वितरणमा हुने द्वन्द्व, मूल्यको सङ्घर्ष, अधिकारको सङ्घर्ष र व्यक्ति वा समाजबीचको सङ्घर्ष आन्तरिक द्वन्द्व हुन् भने बाह्य शक्तिको हस्तक्षेप र आक्रमण आदिका कारण्याले उत्पन्न हुने द्वन्द्व वाह्य द्वन्द्व हुन् (खत्री, २०६२, पृ. १५५) । समाजमा अनेक प्रकारका द्वन्द्वहरू देखिन्छन् । ती द्वन्द्वहरूमध्ये वर्गीयद्वन्द्व एक हो र यसमै जातीय द्वन्द्व पनि मिसिएर आएको हुन्छ ।

वास्तवमा वर्ग द्वन्द्व प्रमुख सामाजिक वर्गहरूबीचको सङ्घर्ष नै हो । यसलाई धेरै विद्वानहरूले प्रगतिवादी साहित्यसँग पनि जोडेका छन् । शोषण, अन्याय, अत्याचारको विरोध गर्नु र देशप्रेम जगाउनु, विस्तारवाद र प्रभुत्ववादको विरोध गर्नु यसको उद्देश्य हो (बराल, २०६४, पृ. १२९) । यसैले यसले वर्गलाई समर्थन गर्छ । तर वर्गभित्र उपववर्गहरू पनि हुन सक्छन् । यस्ता उपवर्गहरूले समाजमा रहेका कुनै एक वर्गको पक्ष लिन्छन र त्यस वर्गको पक्षघरतालाई समर्थन गरेर त्यसैको हितका लागि कार्य गर्छन् । समाजमा वर्ग विभाजन भएपछि उत्पीडक र उत्पीडित वा शोषक र शोषित वर्गहरूका बीचमा कहिले आन्तरिक त कहिले वाह्य रूपमा द्वन्द्व हुँदै आएको पाइन्छ। समाजमा द्वन्द्वको अवस्था र स्वरूपले त्यस समाजका प्रभुत्वशाली वर्गले कायम गरेको प्रभुत्व र शोषित वर्गले भोगेको असमानता र अधीनता कुन प्रकारको छ भन्ने निर्धारण गर्छ। त्यस्तै वर्गीय शक्तिका आधारमा नै शोषितको प्रतिरोधको अवस्थालाई आँकलन गर्न सकिन्छ । यो प्रतिरोध निष्क्रिय, सामान्य र प्रचण्ड किसिमको हुन सक्ने भएकाले त्यसको प्रकृतिअनुसार शान्तिपूर्ण वा क्रान्तिपूर्ण दुबै हुन सक्छन् । वस्तुतः वर्गीय हितका निम्ति राज्यसत्रा कब्जा गर्ने सङ्घर्ष नै वर्ग द्वन्द्वको सर्वोच्च मानिन्छ (के.सी, २०६३, पृ.१४९) । त्यस्तै जातीय द्वन्द्वमा जातीय समानता तथा जातीय उन्मुक्तिलाई नै सर्वोच्च मानिएको हुन्छ ।

वर्ग द्वन्द्वको मुख्य लक्ष्यका रूपमा राज्यसत्ता कब्जा गरेर शोषित वर्गलाई न्याय दिलाउने हुन्छ भने जातीय द्वन्द्वले जातीय स्वार्थलाई समर्थन गर्छ । जातीय द्वन्द्व विभिन्न जाति वा समूहबीचमा हुने द्वन्द्व भएकाले यसमा जातीय

अहम्, सम्मान, पहिचान, प्रतिनिधित्व आदि विषय रहेका हुन्छन् । प्रायः जातीय द्वन्द्व जातीय संस्कृतिको संरक्षण, समानता र अस्तित्वको संरक्षणका लागि हुन्छ र सामाजिक विभेदमा परेका, शोषित, उत्पीडित जातिले सङ्घर्ष गरेको हुन्छ । यो सङ्घर्ष एकातिर जातीय हुन्छ भने त्यो समग्र रूपमा एकीकृत हुँदै वर्गीय बन्न पुग्दछ । यो वर्गीय बन्न पुगेको अवस्थामा सत्तासिन दमनकारी तथा शोषित विभेदकारी शक्तिसँग सङ्घर्ष दरिलो बन्छ ।

साहित्यको विषय सामाजिक हुन्छ । निनु चापागाई (२०६४)ले साहित्य संस्कृति समाजको आमूल परिवर्तनको साधक बन्नुपर्छ (पृ. १४२) भनेर समाजमा परिवर्तनका लागि द्वन्द्व हुने विषयलाई सङ्केत गरेका छन् । यस्ता द्वन्द्व नाटकमा पनि हुन्छन् तर जातीय जातीय द्वन्द्वको विषय अलि संवेदनशील हुन्छ । नाटकमा यसलाई पात्र र कथावस्तुका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । कथावस्तु घटनाको एक जालो भएकाले त्यसलाई अगाडि बढाएर नाटककारले आफ्नो उद्देश्य प्राप्त गर्न चरिन्त्र तथा पात्रलाई भूमिका प्रदान गर्दछ । पात्रका आनीबानी, हाउभाउ, वार्तालाप, कार्यशैली आदिले जीवनजगत्का विषयलाई प्रस्तुत गर्छन् । ती विषयहरूमा जातीय द्वन्द्वका दृष्टिले हेर्दा जातीय संवेदना र उसको प्रतिनिधित्वलाई महत्व दिइएको पाइन्छ । जातीय इतिहासका आधारमा हेर्ने हो भने भने इतिहासका निर्माताका रूपमा जातिलाई लिइन्छ । यस अर्थमा जाति तथा जातीय मुक्तिका पक्षधर व्यक्ति तथा समूदाय सामाजिक विकास र परिवर्तनको प्रवाहक पनि हो । भिक्टर आफानास्येभ (सन् १९८५)ले त्यस्ता व्यक्तिहरू पनि व्यापक जनसमुदायका विशाल आन्दोलन र क्रान्तिकै बीचबाट उत्पन्न भएका हुन्छन् (पृ. १४) भनेर जातीय द्वन्द्वले विद्रोहलाई पनि निम्त्याउने सङ्केत गरेका छन् । यस आधारमा के पनि भन्न सकिन्छ भने नाटकमा पात्रहरूका माध्यमबाट नाटककार समाजसम्म पुग्छ र त्यहाँ भएका विषयलाई पात्रका माध्यमबाट प्रस्तुत गर्छ । त्यस्तो विषयहरूमा जातीय द्वन्द्वका विषय पनि छन् भने त्यसलाई पनि हो भने नाटकहरूमा वर्गीय पक्षधरताका आधारमा प्रतिनिधित्व गराइएको हुन्छ । अतः कुनै पनि कृतिमा जातीय द्वन्द्व वर्गीयतासँग गाँसिएर आएको हुन्छ र विद्रोहलाई समर्थन गर्छ तर द्वन्द्वमा शान्ति प्राप्त गर्ने प्रयास पनि हुन्छ ।

द्वन्द्वमा शक्तिको प्रदर्शनबाट एउटा वर्गले सन्तुष्टि महसुस गर्छ, यस्तो अवस्थामा विद्रोह हिसात्मक हुनसक्छ । एकपक्ष वा व्यक्तिले अर्को व्यक्तिका विरुद्धमा गरेका क्रियाकलापले बाह्य रूपमा मात्र होइन आन्तरिक तथा मानसिक रूपमा असुरक्षा र द्वन्द्व उन्पन्न गराउँछ । यस द्वन्द्वबाट पार पाउन त्यो व्यक्ति वा समूहले नयाँ उपाय खोज्छ । त्यो उपायमा द्वन्द्वको सामना वा सहनशील कार्यबाट द्वन्द्वको चक्रलाई निस्तेज पार्ने प्रयास हुन्छ । यस आधारबाट हामी जातीय द्वन्द्वको विषय अन्तमा शान्ति वा मानसिक सन्तुष्टिको विषय पनि हुन्छ भन्न सकिन्छ ।

## शेक्सपियरको 'ओथेलो' नाटकको विश्लेषण

विलियम शेक्सपियरका नाटकहरूमा जातीय विषय रहेका छन् । उनले आफ्ना नाटकहरूमा तत्कालीन ब्रिटिस समाजमा देखिएको जातीय विषयलाई प्रस्तुत गरेका छन् । जाति, सम्प्रदाय वा वर्णका आधारमा हुने विभेद जातीय विषयसँग सम्बद्ध छ । व्यक्तिलाई छालाको रङका आधारमा उत्तम वा निम्न भनेर नजिकको सम्बन्ध बनाइएको हुन्छ वा बहिष्कृत गरिन्छ । तत्कालीन समय पनि यही रङको आधारमा बहिष्करण गर्ने र जीवनका हरेका कार्यक्षेत्रहरूमा बहिष्कार गर्ने कार्य हुन्थ्यो । काला जाति भएकै कारण समाजमा सम्मानजनक जीवन बिताउन गाह्रो थियो । यो जातीय विभेदको विषय रहेकाले यही विषयलाई 'ओथेलो' नाटकमा प्रस्तुत गरिएको छ ।

'ओथेलो' नाटकमा जातीय विभेदको तत्कालीन वातावरणलाई चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यस नाटकमा जातीय चरित्रका माध्यमबाट त्यस्ता शब्दहरूको प्रयोग गरिएको छ, जसले जातीय विभेदका बारेमा जानकारी प्रदाान गरेको छ । उनको नाटकमा ओथेलोको माध्यमबाट प्रयोग गरिएको अंशबाट हेरौँ :

खलनायक, मेरो प्रेमलाई आँखाले देख्ने गरी सावित गर
यो निश्चित गर । मलाई बिकाउ भएको प्रमाण देऊ
अथवा, मेरा अनन्त आत्माको मूल्यद्वारा
तिमी कुकर भएर जन्मेका थियौ भन्छौ भने
तब मेरो क्रोधको जवाफ देऊ । (पृ. १४४, अनु. स्वयं)

यसमा जातीय रूपमा ओथेलोले आफ्नो विद्रोही भावना पोखेको छ । नाटकको यो अंशमा 'बिकाउ' भन्ने शब्द प्रयोग गरिएको छ । जसले विकाउ भन्ने अर्थ व्यक्त गरेको छ । त्यस्तै 'बोक्सी', 'दानव', र 'नोकर' जस्ता जातीय हीनताबोधका प्रतीकका रूपमा प्रयोग गरिएका शब्दहरू पनि नाटकमा प्रयोग गरिएको छ । माथिको अंशमा ओथेलो ले इयागोलाई प्रमाण दिन भनेको छ । ओथेलोलाई क्रोध आएको छ र उसले आफ्नो इगोलाई पनि देखाउँदै त्यसको प्रमाण दिन समेत चुनौति दिएको छ ।

यस नाटक ओथेलो नायक हो । उसले भेनिसियन सिनेटर (ब्राबान्टियो)की छोरी (डेस्डेमोना)लाई प्रेम गर्थ्यो । डेस्डेमोनाले ओथेलोसँग गोप्य रूपमा विवाह गरिन । नाटकको घटनाक्रममा उल्लेख भएअनुसार ब्राबेन्टियो (मूर जाति) उनीहरूको प्रेमको सम्बन्धबाट खुशी हुन सकेन र उनीहरूको विवाहलाई स्वीकार गरेको थिएन किनकी यसमा जातीय विषय थियो । ओथेलो सेनामा काम गर्थे र उनकै मातहतमा इयागो काम गर्थ्यो । इयागो पनि ओथेलोको विरुद्धमा थियो किन भने उनी पन मूर जातिकै थिए । इयागोले आफ्नी पत्नी एमिलिया र परिचारक डेस्डेमोनाको सहयोगमा ओथेलोको विरुद्धमा योजना बनाए ।

नाटकमा अर्को एक महत्वपूर्ण पात्र माइकल पनि छ । ऊ ओथेलोको सेनामा लेफ्टिनेन्ट छ । उसलाई सेनाको बारेमा धेरै ज्ञान छैन, उसको दक्षता कम छ तर पनि उसलाई उच्च पदमा नियुक्ति दिइएको छ । उनीहरूले ओथेलोलाई जातीय आधारमा विभेद गरे । ओथेलो अश्वेत थियो, ऊ एक महान र सफल योद्धा थियो । जातीय द्वन्द्वका कारण ओथेलोलाई त्रासको सामना गर्नुपऱ्यो ।

ओथेलोलाई डेस्डेमोना आफ्नो युद्ध कौशालका कारण प्रभावित भएर उसँग प्रेम पनि गर्थिन् तर इयाथोले बनाएको जालमा परेर उसको वैवाहिक जीवन बिचति भयो । ओथेलो बिस्तारै रङ तथा जातिका कुरामा पनि विश्वास गर्न थालेका थिए । उसले डेस्डेमोनाले आफूलाई हृदयदेखि प्रेम नगरेको र युद्ध कौशललाई प्रेम गरेको ठानेको छ । इयागोले विभिन्न किसिमका चालहरू चलेर तथा जालहरू बुनेर जातीय राजनीतिलाई ओथेलोको मानसिकतामा पुऱ्याएको छ । इयागोलाई क्यासियो दोस्रो कमान्डर भएको पनि मन परेको छैन । उता डेस्डेमोनाका बुबा पनि छोरीले कालो ओथेलोसँग विवाह गरेकोमा चित्त बुझेको छैन । उनले सिनेटमा उपस्थित भएर राजा भेनसका सामु जातीय कुरालाई प्रथमिकता दिएका छन् । उनले ओथेलोलाई आफ्नी छोरीलाई फकाएर जबरजस्ती लगेकोमा कारवाही गर्नु पर्ने भन्ने विषयलाई "बन्धन दास र मुर्तिपूजक हाम्रो राजनेता हुनेछ "(पृ.२९, अनु. स्वयं) भेनर सजायको माग गरेका छन् । यस्तो सजायको माग गर्नुमा ऊ कालो जाति भएको र उसले जादु, टुना गरेर फसाएको भन्ने उसको आरोप रहेको छ । यसले पनि जातीय द्वन्द्वको अवस्थालाई देखाएको छ ।

ओथेलोलाई एकातिर आफ्नो शारीरिक रङको बारेमा हिनताबोध हुन थालेको थियो भने अर्को तर्फ इयाथो ले बुनेको जालमा बिस्तारै फस्न थालेका थिए । अर्कोतर्फ इयागोले बेनेडिटोलाई पनि आफ्नो पक्षमा लिन चाहान्छ र उसलाई ओथेलोको विरुद्धमा लैजान चाहान्छ । त्यसैले इयागोले बेनेडिटोलाई प्रसंशा गर्दै ओथेलोको विपक्षमा कुरा राख्छ । यस सन्दर्भमा नाटकको निम्न इयागोको भनाइ उल्लेखनीय छ :

सर, तपाईं लुटिरहुभएको छ, लाजका लागि, आफ्नो गाउन राख्नुहोस्
तपाइँको हृदय टुटेको छ । आफ्नो आधा आत्मा गुमाउनु भएको छ
अहिले पनि, अहिले, अहिले नै, एउटा पुरानो कालो भैँडा
तिम्रो सेतो रडलाई टिप्दै छ
घन्टीका साथ सुतेका नागरिकलाई उठाउ
अन्यथा शैतानले तिमीलाई मृत्युमा पुऱ्याउँछ
उठ, म भन्दै छु । (पृ. १४ अनु, स्वयं)

माथिको अंशबाट ओथेलोलाई कालो भैँडाको रूपमा प्रस्तुत गरिएको छ र उसबाट सेता जातिलाई हानी हुने समेत सङ्केत गरिएको छ । यसबाट इयागोले जातीय द्वन्द्वको फैल्याएर आफ्नो स्वार्थ पूरा गर्न चाहेको देखिएको छ । शेक्सपियरका नाटकहरूमा महान नायकको आफ्नो चरित्रिक स्वभावका कारण उसको पतन हुने देखाइएको हुन्छ । यस्तै यसमा पनि नायक ओथेलोले आफूले आफ्नी श्रीमती डेस्डेमोनालाई शंका गरेको छ र आफ्नो पक्षमा रहेका व्यक्तिहरूलाई अविश्वास गर्दै जातीय द्वन्द्व फैल्याउने इयागोलाई अन्तमा विश्वास गर्न पुगेको छ । यस विश्वासका आधारमा नै उसले बिस्तरा सजायर आफ्नो श्रीमान आउने प्रतिक्षामा रहेकी आफ्नी श्रीमती डेस्डेमोनालाई समेत मारेको छ । यो प्रमुख पात्रको महान पतनको अवस्था हो । यहाँ जातीय द्वन्द्वको विषय निम्त्याउने विषयलाई नाटककार शेक्सपियरले इयागोमार्फत प्रस्तुत गरेको छन् । यस सन्दर्भमा नाटको निम्न संवाद उल्लखनीय छ :

यो निश्चित छ कि तपाईं रोडेरिगो हुनुहुन्छ, यति म
मूर भएको भए म इयागो हुने थिइनँ । उहाँलाई
पछ्याउँदै, म आफैलाई पछ्याउँछु । स्वर्ग मेरो
न्यायकर्ता हो, म प्रेम र कर्तव्यको लागि होइन, तर
मेरो असाधारण अन्तको लागि यस्तै देखिन्छु
किनकि जब मेरो बाहिरी कार्यले मेरो हृदयको देशी
कार्य र आकृति प्रदर्शन गर्दछ पूरक बहिर्मुखीमा
यो धेरै समयपछि, छैन तर म मेरो आस्तीनमा मेरो
हृदय लगाउनेछु । म जे छु, त्यो होइन । (पृ.१२, अनु.स्वयं)

नाटकमा रोडेरिगो धनी मुर्ख मानिस हो । उसले राम्री महिलाहरूलाई पछ्याउने गर्छ । उसले डेस्डे मोनालाई चाहेको छ । त्यसैले इयागोले रोडेरिगोलाई सघाउने भनेको छ । त्यो सघाउने कुराको संवाद गर्दा उसले जातीय द्वन्द्वलाई प्रथमिकता दिएको विषयलाई प्रस्तुत गर्दै आफू मूर भएको भए इयागो हुने थिएन समेत भनेको छ । उसले आफू बाहिर जुन देखिएको छु त्यो म होइन भनेर रोडेरिगोलाई समेत भ्रममा पारेको छ । अर्कोतर्फ ब्राबेन्टियो ले ओथेलोलाई सिनेट सदस्यको ज्वाइका रूपमा तिरस्कार गरेको छ । ब्राबेन्टियोले रिसाएर आफ्नो गोप्य विवाहको बारेमा सुनवाइको सामना गर्न समेत बोलाए । त्यहाँ ओथेलोले सामन गरे र वास्तविक रूपमा विवाह जबरजस्ती गरिएको हो वा होइन भनेर डेस्डेमोनालाई पनि बोलाइयो । डेस्डेमोनाले आफ्नो सहमतीले नै विवाह भएको हो भने पछि मात्र ओथेलोले सफाइ पाए । त्यसपछि ओथेलोसँग आफ्नो राज्य बचाउने अभियान तथा लडाइँ हेर्न डेस्डेमोनासँगै जान्छिन् । यस परिस्थितिभन्दा पूर्व आफ्ना बुबासँग गरेको संवाद यहाँ उल्लेखनीय छ :

मेरो महान पिता,
म यहाँ एक विभाजित कर्तव्य महसुस गर्छु,

तिमीहरूका लागि म जीवन र शिक्षाको बन्धनमा बाँधिएकी छु,
तपाईँलाई कसरी सम्मान गर्ने, मेरो जीवन र शिक्षा दुबैले मलाई सिकाउँछ ।
तपाईं मेरो कर्तव्यको मालिक हुनुहुन्छ
म अहिलेसम्म तपाईंकी छोरी हूँ तर यिनी मेरा पति हुन् । (पृ.४२, अनु.स्वयं)

नाटकको माथिको साक्ष्यले पनि डेस्डेमोनाले ओथेलोलाई स्वीकार गरेको विषयलाई प्रस्तुत गरेको छ । आफ्ना बाबुलाई पनि सम्मान पूर्वक सम्झाउन र ओथेलोलाई समर्थन गर्न उनी सक्षम देखिन्छिन् तर यो विषय जातीय द्वन्द्वसँग जोडिएर आएको छ । शेक्सपियरले यहा नायकको दुःखद अन्त्यमा समेत नायकको रूपमा मूरको उपस्थिति गराएका छन् । यस अर्थमा पनि जातीय द्वन्द्वले 'ओथेलो' नाटकलाई त्रासदीको केन्द्रमा पुऱ्याएको छ ।

'ओथेलो' नाटक सिनेटरसँगको द्वन्द्वदेखि अन्तमा ओथेलोले आफ्नी श्रीमतीलाई शंकाका आधारमा मारेका कारण आफ्नै मानसिक द्वन्द्वले आफै आत्महत्या गर्न पुग्दासम्मको विषय जातीय द्वन्द्वका कारकहरू नै हुन् । यहाँ जातीय पूर्वाग्रहले ओथेलोलाई अन्धो बनाएको छ, जसको परिणामस्वरूप उसको जीवनमा गम्भिर त्रासदी देखिन्छ । यहाँ जर्मन मूर जाति क्रुर, व्यभिचारी र षडयन्त्रकारी हुन् भन्ने धारणाबाट नाटकका विषय अगाडि बढ्दै जाँदा नाटकमा अविस्वासको वातावरण सिर्जना भएको देखिएको छ । यही अविस्वासले षडयन्त्रको जन्म गराई उच्च नायकको पनि पतन भएको छ । यो पतन जातीय द्वन्द्व कै कारण भएको नाटकको विषय र साक्ष्यहरूले पुष्टि गरेका छन् ।

## निष्कर्ष

शेक्सपियरले आफ्ना नाटकहरूमा जातीय द्वन्द्वका विषयहरू प्रस्तुत गर्छन् । यस्ता विषयहरूलाई प्रस्तुत गरिएको नाटकमध्ये 'ओथेलो' पनि एक हो । यसमा ओथेलोले डेस्डेमोनालाई विवाह गरेको विषयदेखि जातीय द्वन्द्वको विषय भित्रिएको छ । जातीय द्वन्द्वको समस्याबाट पार पाउनका लागि मानिसहरूमा विश्वास र आत्मियता हुनुपर्छ तर यस 'ओथेलो' नाटकमा अविश्वासको खाडल छ । आफ्नै नजिकका भनिएका व्यक्तिहरूले पनि ओथेलोलाई अविश्वास गरेका छन् । साथै इयागोले त उसलाई फसाउनका लागि प्रेमको सम्बन्धमा जातीय विषयहरू मिसाउँदै षडयन्त्रको जाल बुनेको छ । त्यही जालोमा ओथेलो फसेको छ र आफ्नी श्रीमती अर्कोसँग लागेको विषय रुमालको माध्यमबाट प्रमाणित भएको ठानेर हत्या समेत गरेको छ । यस्तो विषय समाजको लागि गम्भिर अवस्था हो । कुनै पनि जातीय समुदायसँग राम्रो सहानुभूति, विश्वास निर्माण गर्न सकिएमा मात्र जातीय द्वन्द्वको समस्याको समाधानको बाटो निस्कन्छ भन्ने सन्दर्भ पनि यस नाटकको हो । जातीय द्वन्द्व सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा देखिने गर्छ । त्यसमा पनि बाह्य रूपमा देखिने र आन्तरिक रूपमा देखिने द्वन्द्व फरक हुन्छ । 'ओथेलो' नाटकमा बाह्य रूपमा मूर भएको भन्ने विषय र आन्तरिक रूपमा आफू प्रताडित रहेको विषयले दुबै किसिमका जातीय द्वन्द्व रहेका छन् भन्ने पुष्टि हुन्छ । मानिसमा उत्पन्न हुने अविश्वासको वातावरण र सोचाइको भिन्नताका कारण सिर्जना भएको जातीय द्वन्द्व आफैमा सामाजिक मनोवृत्ति र मानसिकताको उपज हो । अतः शेक्सपियरका नाटकहरूमा जातीय विषय रहेका छन र उनको 'ओथेलो' नाटकमा चरित्रका माध्यमबाट जातीय द्वन्द्वको सफल प्रस्तुति भएको प्रस्ट देखिएको छ ।

## सन्दर्भसामग्रीसूची

आफानास्येभ, भिक्टर (सन् १९८५), दर्शनशास्त्रको प्रारम्भिक ज्ञान (अनुवाद), मस्को : प्रगति प्रकाशन ।

उप्रेती, विष्णुराज (२०६२), द्वन्द्व व्यवस्थापन, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

के.सी., हस्तबहादुर (२०६३), मार्क्सवादी दर्शनशास्त्रका आधारभूत सिद्धान्तहरू, काठमाडौं : एसिया पब्लिकेसन्स ।

खत्री, प्रेमकुमार र अन्य (२०६२), नेपाली समाज र संस्कृतिको विश्लेषण, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

चापागाई, निनु (२०६४), मार्क्सवादी चिन्तनामा सौन्दर्य, काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्मपरा, भाग-२, काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), साहित्य र समाज, काठमाडौ : साझा प्रकासन ।

स्तेपानोभा, एभगेनिया (२०७५), कार्ल मार्क्सको जीवनी, राजेन्द्र मास्के (अनु.), काठमाडौ : प्रगति पुस्तक सदन ।

Mastud, Shahaji (May 2021). Racial Conflict in the Selected Plays of William Shakespeare. *Smart moves Journal Ijelth*. Vol.9, Issue 5, DOI: 10.24113/ijellh. v9i5.11047

Seakespeare, W. (2017). *Othello*. Barbarr A. Mowat and Paul WeRstine (Eds.). https://folger-main-siteassets.s3.amazonaws.com/uploads/*2022*/11/othello_PDF_Folger Shakespeare.pdf